# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---------------------------------------------------------------

जिल्ला अस्पताल गौर, रौतहटमा छैटौं तहमा कार्यरत तथा KOICA को सहयोगमा भवन निर्माण र मर्मतसम्भारको रिपोर्टिङ समितिका संयोजक प्रवीणकुमार झाले भवन मर्मतसम्भार भएको रिपोर्टिङ गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निजलाई रु. १,००,०००/- (एक लाख) घुस रकम लिदै गर्दाको अवस्थामा मिति २०७४/०७/२१ गते निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता